श्री राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष
काठमाडौं ।

आयोजना सम्पन्न प्रतिवेदन
(Project Completion Report)

Management of Degraded Land through Cooperative Lease Farming Project

परियोजना नं ७०१/२०६७–६८

प्रतिवेदक

तीन स प्रतिष्ठान
अनामनगर, काठमाडौं

भाद्र २०६९

अनुसूची ८
आयोजना सम्पन्न प्रतिवेदन फाराम-सारांश

आयोजना नं.	७०१/२०६७–६८		
आयोजनाको शीर्षक	Management of Degraded Agricultural Land Through Coopearative Lease Farming		
आयोजना संयोजक	विष्णु प्रसाद गौतम		
ठेगाना	तीन **स** प्रतिष्ठान (Three S Foundation), अनामनगर काठमाडौं www.threesfoundation.org.np		
टेलिफोन	४२३३०६८ (कार्यालय) ४३७७८१३ (घर) मोबाइल ९८५१०१२३७० र ९८५१०४१४६७		
फ्याक्स	९७७०१४२३३०६८		
इमेल	kunwarkb@ntc.net.np/ bdsgautam@gmail.com		
सहभागी संस्था	धुनीबेशी कृषि बहुउदेश्यीय सहकारी संस्था, नोविसे, धादिङ्ग		
आयोजना शुरु मिति	२०६७ श्रावण १	समाप्त हुने मिति	२०६९ असार मसान्त
कोषको प्रकार			
राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषको प्राथमिकता क्षेत्र	Management of Degraded Agricultural Land		
स्वीकृत बजेट	२९९५ हजार	यथार्थ खर्च	२९४४ हजार

***१. आयोजनाले समाधान गर्ने लक्ष्य राखेको अनुसन्धानात्मक समस्या/बाधा अड्चन* (Researchable constraints/problems the project aimed to address)**

आयोजनाले न्मि्न मुख्य बाधाहरुलाई लक्ष्यित गरी धादिंग जिल्लाका २ स्थानमा करीब २०० रोपनी कमसल र खण्डिकृत जमीनको उपयुक्त तरिकाबाट चक्लाबन्दी वा एकीकरण गरी संस्थागत विकासको माध्यमद्वारा लैगिक समतामूलक र वाताबरण–मैत्री सहकारी करार खेती गरी रोजगारीका साथै गरीबी निवारणमा सघाउ पुराउने र मुलुकका अन्य भागमा अनुशरणीय तथा विस्तारयोग्य (replication) हुन सक्ने एउटा एकीकृत व्यावसायिक सहकारी करार खेतीको प्रारुप (Cooperative Lease Farming Model) विकास समेत कसरी समाधान गर्ने भन्ने लक्ष्य राखेको थियो ।

- कमसल र खण्डीकृत अर्थात् थोरै र छरिएको टुक्रा (कित्ता) जग्गालाई सुधार गर्न जग्गाको एकीकरण वा चक्लाबन्दी कसरी गर्ने, जग्गा विकास कसरी गर्ने, सिचाई सुविधा कसरी पुर्‍याउने, माटो परीक्षण आदि सहित भूब्यबस्थापन कसरी गर्ने,
- कृषिमा यान्त्रिकरण र आधुनिक औजार प्रयोगलाई सहज बनाई उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न स्थानीय तहमा कृषकहरु (गरीब, साना किसान र दलित तथा जनजातिहरु एबं महिलाहरु) लाई कसरी सम्लग्न गराउने,
- उत्पादित बस्तुको प्रशोधनलाई गुण स्तरीय बनाई बजार प्रबर्द्धनद्वारा उचित लाभ कसरी प्राप्त गर्ने,
- एकीकृत ब्याबसायिक खेतीका लागि वित्तीय श्रोत, जनशक्ति विकास, प्रविधि हस्तान्तरण,

संस्थागत विकासद्वारा उपयुक्त सहकारी करार खेती प्रारुपको विकास कसरी गर्ने ।

आयोजनाको कार्यान्वयनको सिलसिलामा निम्न सम्भावित अवरोधहरु समेत आउन सक्ने आंकलन गरिएको थियो ।

- शान्तिसुरक्षाको कमजोर स्थिति
- प्राकृतिक विपत्ति
- श्रोत र साधनहरुको सहज उपलब्धता नहुनु

२. लक्ष्यित समूह तथा उपभोक्ता (Target Groups/Users)

आयोजना अबधि २ वर्षमा आयोजनाबाट कूल करीब ३,५० परिवार प्रत्यक्ष र अप्रत्यक्ष रुपमा (Expected direct and indirect beneficiearies) लाभान्वित हुने लक्ष्य रहेको थियो ।

- प्रत्यक्ष रुपमा सहकारी करार खेतीमा ३० जनालाई रोजगारी (दैनिक र मौसममा गरी) उपलब्ध गराउने ।
- अप्रत्यक्ष रुपमा छिमेकका ५० कृषकलाई कृषि प्राविधिक सेवामा मार्गदर्शन गरी सिप विकास गराउने ।
- सहकारी शेयर सदस्यमध्येका बांकी ३०० जनाको सिप विकास (तरकारी, बाली भित्राएपछिका काम, बजार, सामाजिक परिचालन, बचत आदि) गरी रोजगारीका अवशर लिन योग्य बनाउने ।

३. अनुसन्धानबाट प्राप्त गरिएका मुख्य नतिजा तथा सिफारिसहरु
(List of key results/recommendation arising from the research)

देशको राजधानी काठमाडौंको काँठको बस्ती नजिकको जग्गामा सहकारी करार खेतीमा कृषकहरुलाई सम्लग्न गराउने कार्य अत्यन्त चुनौतीपूर्ण थियो तथापि स्थानीय सहकारी संस्थाहरु र त्यसका सदस्य कृषकहरुको अत्यन्त सकारात्मक सहभागिताले सहकारी करार खेती सम्भव भयो । एकै चक्लामा जग्गा पाउन अनेकौं बाधा ब्यबधान ब्यहोर्नु परे तापनि सचेतता कार्यक्रम, भूब्यबस्थापन, जग्गाको स्तरोन्नतिको फाइदाले गर्दा २०० रोपनी जग्गा करारमा उपलब्ध भयो । परियोजना अबधि सकिए पछि पनि करार खेती भइरहने विश्वासिलो ब्यबस्था भएकोले चालु आ.ब.मा पनि खेती भइरहेको छ ।

- लाभहानी, प्रतिफलको विस्तृत जानकारी र लेखाजोखा गर्न सक्षम बनाउन सूचना अभियानबाट उत्प्रेरित कृषकपरिवारहरुलाई आयोजनाले गर्ने काम र कृषकपरिवारले गर्ने कामको विवरण र पूंजी सहभागिता, करारका शर्तहरुबारे अभिमुखीकरण गराउँदा सक्रिय सहभागिता बढेको ।
- भूब्यबस्थापन, जग्गाको स्तरोन्नतिको फाइदाले गर्दा २/४ जना कृषकहरु अग्रसर भएपछि अरु छिमेकी कृषकहरु पनि सम्लग्न भएका ।
- एक्लै किसानले कृषि प्राविधिक सेवा घरदैलोमा पाउन नसक्ने अबस्थामा संस्थाले एक जना प्राबिधिक २४ सै घण्टा राखी सहकारी करार खेती गराइरहने भएकोले संस्थाका सदस्यकृषकहरुले सो कृषि प्राविधिक सेवाको लाभ पाई उत्पादन बृद्धि भएको ।
- एकै चक्ला भएको जग्गामा सहकारी मार्फत भरपर्दो सिंचाईको ब्यबस्थापन गर्न सकिएको ।
- गाउँबाट युवा जनशक्ति पलायन भएको अबस्थामा हलीगोरु नपाइने अबस्थामा संस्थाले पावरटिलरद्वारा खेती गराउन सकेको र बाँकी समयमा सदस्यकृषकहरुले सो यान्त्रिकीकरणबाट भाडामा समयमै जोत्न पाएका ।

- सहकारी संस्थाको संस्थागत विकास हुँदा संस्थाले सहकारी खेती पनि गर्न सक्दो रहेछ भन्ने सदस्यकृषकहरु र अरु जनमानसमा परेको ।
- उत्पादित तरकारी बजार पुराउन बाटोको दुराबस्था भएकोमा संस्थाका पदाधिकारीहरुको सक्रियता र सम्लग्नतामा ग्राभेल रोड बनिसकेकोले यातायात साधनको ओहरदोहरमा बृद्धि र भाडामा कमी आएको । राती २ बजे उठेर तरकारी कालीमाटी पठाउँदा महिलालाई परेको समस्या र बोझमा कमी आएको ।
- अनुशरणयोग्य (replicable) सहकारी करार खेतीको प्रारुप विकास भएको ।

४. नतिजाहरुको प्रचार एवं अपनाइने संभावना (Dissemination of results and prospects for adoption)

- आयोजनाले भइरहेका प्रविधिहरुलाई विस्तार गर्ने र अझ बढी स्तरोन्नति गर्ने गरी कार्यान्वयन गरिएकोले आयोजनाका तत्कालिक कामहरुलाई लक्ष्यित लाभान्वित वर्गसम्म पुराउन गर्न सकिने सम्भावना छ । यसको लागि प्रचारप्रसार सामग्री, नतिजाप्रदर्शन, सहकारी संस्था स्थापना, संस्थागत विकास जस्ता कामहरुबाट अरु ठाउँमा पनि विसतार गर्न सकिनेछ । यस्ता कामहरुको दिगोपन र लागत प्रभावकारितालाई ध्यान दिन जरुरी छ ।
- आयोजनाको सबभन्दा सुन्दर पक्ष अनुशरणयोग्य (replicable) सहकारी करार खेतीको प्रारुप विकास हुनु हो । यस किसिमको औजार र पद्धति अपनाएमा धेरै कृषकहरुले भविष्यमा अ(गिकार गर्न सक्ने छन् । कार्यान्वयनकै कममा छिमेकी सहकारी संस्थाहरुबाट समेत तीन स प्रतिष्ठानमा सहकार्यको लागि सम्पर्क गरिरहेबाट यसको पुष्टि हुन्छ ।
- जसलाई आवश्यक छ उसैका समस्या र मागलाई सम्बोधन गरी आफूसंग उपलब्ध श्रोत र सिपको गुणस्तरयुक्त परिचालन गरी सुरुदेखि नै सम्लग्न गराई संस्थागत विकासको माध्यमलाई अनुसन्धान तथा विकासमा समावेश गरिएको छ ।

५. प्रचार गर्न र भविष्यमा प्रभाव पार्ने सूचक र सिफारिसहरु (Indicators of potential future impact. List up 5 indicators based on current knowledge.)

- सम्भाब्य ठाँउमा Participatory Rural Appraisal – PRA
- छापा संचार माध्यम र बिद्युतीय संचार माध्यमबाट प्रचार प्रसार
- ब्यक्तिगत ब्यबसायिक सम्पर्क, सचेतता अभियान, गोष्ठी
- सघन स्थलगत तालिम र स्थानीय कृषक अगुवाको सम्लग्नता
- सम्भाब्य छिमेकी गा.वि.स.हरुका किसानहरुलाई जिल्ला कृषि कार्यालयहरुको सहयोगमा अवलोकन

६. सिकिएका पाठहरु (Lessons learned)

- धेरैमा सुरुमा उत्साह देखिए पनि, एकै चक्लाका वास्तवमा सम्लग्न हुनेको संख्या कम हुन्छ । करारमा जग्गा लिन कम्तिमा ५ वर्ष अबधि आबश्यक पर्छ र रकम पनि उत्पादन हुन सक्ने परिमाणलाई विचार गरी समय सुहाउँदो हुनुपर्छ ।
- जसलाई आवश्यक छ उसैका समस्या र मागलाई सम्बोधन गरी उपलब्ध श्रोत र सिपको

गुणस्तरयुक्त परिचालन गरी सुरुदेखि नै सम्लग्न गराउनु पर्छ ।

- कमसल जग्गा स्तरोन्नति गर्न सुरुमा खर्च लागतमा अनुदान आवश्यक पर्छ ।
- कृषकहरुलाई कृषि प्राविधिक सेवा स्थानीय अगुवा कृषकबाट भरपर्दो रुपमा हुन्छ, अन्यत्रबाट ल्याइएकाको विश्वसनियतामा कमी पाइयो ।
- खेती व्यबस्थापनको लागि पहिलो बर्ष नै पर्याप्त रकमको आबश्यकता पर्छ । दोश्रो वर्षदेखि खेतीको आम्दानीबाट ब्यहोर्न सकिन्छ । संस्थागत विकासको लागि समेत पर्याप्त रकमको आबश्यकता पर्छ ।
- सहकारी करार खेतीको उत्पादन राम्रो भए पनि बजारमा बिकी गर्दा सहकारी संस्थाका कर्मचारीले ब्यक्तिगत बिकीमा झैं ध्यान नपुराउने, संस्थाका पदाधिकारीहरुको निगरानी कम भएको पाइएकोले संस्थागत बिकी पारदर्शी बनाउन जरुरी छ ।
- नेपालको पाँचै विकास क्षेत्रमा तराइपहाड मिलाई सहकारी करार खेती विस्तार गर्न सकिन्छ, स्थानीय गा.वि.स.हरुमा माग भएको छ ।

७. आयोजना संयोजकको आयोजनाको उपलब्धी/सफलताको मापन
(Project Leader's Ratings of Project Achievement/Success)

विवरण	*मापन अङ्क*	*नोट*
कार्यान्वयन कुशलता (Implementation Performance)	४	कियाकलापहरु पूरा भएका, आवश्यक inputs उपलब्धता, बजेट ब्यबस्थापन, समन्वय, सहभागिताका आधारमा राम्ररी सम्पन्न भएको ।
प्रतिफल उपलब्धी (Output Delivery)	४	आयोजनाले प्रतिफल लक्ष्य अनुरुप प्राप्त गरेको आधारमा ।
स्तरोन्नत र अनुशरण (Uptake and adoption) • कृषकहरुबाट • प्रसारका निकायहरु (Disemination agents) • वैज्ञानिकहरु	४	आयोजनामा सम्लग्न कृषकहरुको सकिय सहभागिता, extension गर्न ब्याबहारिक भएको आधारमा ।

मानांक	स्थिति
४	अत्यन्तै सफल (Highly successful)
३	धेरैजसो सफल (Mostly successful)
२	सीमित सफल (Limited successful)
१	असफल (Unsuccessful)

मानांक	स्थिति
क	पूर्णत अनुसरण हुने अपेक्षा गरिएको (Expect to be fully adopted)
ख	आंशिक/केही प्रतिफल अनुशरण हुने अपेक्षा गरिएका (Part/some outputs expected to be adopted)
ग	अनुशरण हुने संभावना नरहेको (Unlikely to be adopted)

अनुसूची ९
आयोजना सम्पन्न मुख्य प्रतिवेदन

१. पृष्ठभूमि (Background)

*तीन स प्रतिष्ठान*ले धादिङ्ग जिल्लाको नौविसे र जीवनपुर गा.वि.स.का २ स्थानमा कमसल र खण्डिकृत जमीनको ब्यबस्थापन गरी एउटा *सहकारी करार खेतीद्वारा कमसल र खण्डिकृत जमीनको ब्यबस्थापन (Management of degraded agricultural land through cooperative lease farming)* को प्रारुप *(Model)* विकास गर्ने उद्देश्य सहित कार्यान्वयन गरेको हो ।

यसको लागि राष्ट्रिय कृषि अनुसन्धान विकास कोष *(National Agricultural Research Development Fund)* ले सातौ आह्वानमा यो परियोजनालाई *Management of degraded agricultural land project* स्वीकृत गरेको हो ।

परियोजना स्थल (Project location): परियोजना स्थल धादिङ्ग जिल्लाको नौविसे (संस्थाको कार्यक्षेत्र जीवनपुर गा.वि.स.समेत) हो । काठमाडौबाट पृथ्वी लोकमार्गको २० कि.मि. टायलघर भन्ने चोकबाट आयोजना स्थलसम्म पुग्न ३ कि.मि. ग्राभेल सडक छ र संस्था समेतको सहभागितामा मर्मतसम्भार गरिन्छ र कार्यस्थलमा उत्पादन सामग्री पुराउन र उत्पादित सामग्री बजारसम्म ल्याउन सकिने भएको छ ।

लाभान्वित परिवार (Beneficiaries): आयोजना अबधि २ वर्षमा आयोजनाबाट कूल करीब ३,५० परिवार प्रत्यक्ष र अप्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

लक्ष्यित प्रतिफल (Outputs): परियोजनाका लक्ष्यित प्रतिफलहरु निम्नानुसार छन् : (१) कमसल, खण्डित र विग्रेका जग्गाहरुमध्ये करीब २०० रोपनी सहकारी करार खेतीको प्रारुप विकासको लागि करारमा उपलब्धता; (२) सहकारी करार खेती ब्यबस्थापन; (३) सहकारी करार खेती बाहेकको छिमेकमा रहेका सदस्यकृषकहरुको खण्डित र विग्रेको करीब २०० रोपनीमा मार्गदर्शन तथा प्राविधिक सेवा उपलब्धता; (४) सहकारी संस्थाको स्थापना, संस्थागत विकास तथा सन्चालन; र (५) सहकारी करार खेतीको प्रारुप विकासको लागि प्रारुप, म्यानुअल, निर्देशिका अभिलेखन ।

लागत (Cost involved): यो परियोजनाको लागि कूल रु ३६ लाख ७५ हजारको वित्तीय श्रोत आबश्यक पर्नेमध्ये रा.क.अ.वि. कोषबाट रु २९,९५ हजार (८२%) स्वीकृत गरिएको छ र बांकी रु ६८० हजार (१८%) निवेदक संस्था र सहकारी संस्थाले ब्यहोर्ने छ । यस अतिरिक्त संस्था गठन, संचालन, परियोजना अध्ययन, अनुसन्धान, सामाजिक परिचालन, परियोजना तर्जुमा आदिमा परेका खर्चहरु यसमा समावेश गरिएको छैन ।

२. अनुसन्धान कार्यन्वयन कार्यकुशलता
(Research implementation performance)

तीन स प्रतिष्ठानले धुनीबेशी कृषि बहुउदेश्यीय सहकारी संस्था (धुनिबेशी, धादिङ्ग) को सहकार्यमा यो परियोजना कार्यान्वयन गरेको छ । प्रतिष्ठानबाट परियोजनाको आवश्यक कार्यनीति, योजना, कार्यक्रम तर्जुमा, निर्देशन, परामर्श, सुपरिवेक्षण र अनुगमन भएको हो । २०० रोपनी जग्गा स्थानीय कृषकहरुवाट ५ वर्षको लागि निर्धारण गरिएको मूल्यमा करारनामा लिई स्तरोन्नति गरी खेती गराइएको छ । स्थानीय कृषकहरुको मागमा आधारित यस परियोजनामा अनुसन्धान तथा विकास सम्बन्धी क्रियाकलापहरुको डिजाइनका आधारमा सम्भाव्यता अध्ययन र स्थान छनौट गरिएको थियो । यसमा महिला (एकल महिला समेत), साना किसान, गरीब, पिछडिएका वर्गलाई नै प्राथमिकता दिइएको छ ।

- २०६७ श्रावणदेखि कृषक भेटघाट, कृषकहरु, सामाजिक कार्यकर्ता, शिक्षक र राजनैतिक दलका प्रतिनिधिहरु समेतसंग छलफल र अन्तक्रिया, सूचना अभियान (प्रचार सामग्री आदि) सम्पन्न गरियो । स्थानीय कृषकहरुलाई सहभागी गराई २ गा.वि.स.का कृषकहरुले माग र निर्णय गरे अनुसार नौविसे गा.वि.स.वार्ड नं. ३ र जीवनपुर गा.वि.स. वार्ड नं. ८ मा कार्यक्रम सुरु गरियो ।
- उत्प्रेरित कृषकपरिवारहरुलाई आयोजनाले गर्ने काम र कृषकपरिवारले गर्ने कामको विवरण र पूंजी सहभागिता, करारका शर्तहरुबारे अभिमुखीकरण गराइयो ।
- परियोजना संचालनको लागि कार्यदल गठन गरी करारखेती सम्भाव्यता अध्ययन गरी परियोजना सन्चालनको लागि कोषबाट स्वीकृत कार्यक्रम अनुसार कार्यविभाजन गरियो । सम्पूर्ण कार्यक्रमको कार्यान्वयन तथा अनुगमन, स्थलगत भ्रमण, प्राविधिक सल्लाह र निर्देशन दिने काम भयो । बेलाबेलामा आबश्यक बैठकहरु गर्ने, कोष र प्रतिष्ठान तथा सहकारी संस्थाबीच समन्वय गर्ने आदि करार खेती परियोजना संयोजनको काम गरियो ।
- नौविसे गा.वि.स.३ र जीवनपुर गा.वि.स. ८ कार्यक्रम करारमा लिन सम्भाव्य क्षेत्र रेखांकन गरियो । लक्ष्य, लाभहानी, प्रतिफलको विस्तृत जानकारी र लेखाजोखा गरी कार्यक्रममा सम्लग्न हुंदा आफ्नो तर्फबाट गर्नुपर्ने जिम्मेवारी पूरा गर्न प्रतिबद्ध गराउने र रेखांकन काम भयो ।
- संस्था र सदस्य कृषकबीच कूल २०० रोपनीको लागि ५ वर्षका निमित्त करार सम्झौता भयो । संस्थाले सम्झौता अनुरुप कृषकको खातामा रकम जम्मा गरेको जानकारी प्राप्त गरेपछि कोषवाट तीन स प्रतिष्ठानलाई प्राप्त भएको रकम सहकारी संस्थालाई सोधभर्ना गरियो ।

- २०० रोपनी जग्गामध्ये ६० रोपनीमा कान्ला सुधार र चक्लाबन्दी, माटो व्यबस्थापनद्धारा स्तरोन्नति र विउ, मल, औषधी, आदि व्यबस्था गरी ब्याबसायिक खेती योजना अनुसार तुलनात्मक लाभ दिन सकिने वाली लगाइएको छ। त्यस्तै केरा, मेवा, अम्बा आदि फलफूलको समेत खेती गरिएको छ।
- माटो परीक्षणको आधारमा रासायनिक मलको प्रयोग (proper use of applied fertiliser) गर्ने व्यबस्था मिलाई मानव तथा पशुधनलाई कम हानी हुने विषादी तथा रासायनिक मल प्रयोग गर्ने र जैविक मलको प्रयोग बढाउन कृषकहरुसंग आबद्धता गरिएको छ। सोमध्ये ४ ठाउंको माटो परीक्षण गर्ने काम भएको छ।
- भूस्थितिको आधारमा उत्पादन वृद्धि गर्न पावरटिलर खरीद गरी यान्त्रिकीकरण समेत गरिएको छ।
- आन्तरिक तथा श्रोत जुटाई सिंचाई प्रणाली (क्षमता १२०,०० लिटर) लाई कोषको सहयोग समेतबाट मर्मतसम्भार गरी सिंचाइको प्रबन्ध मिलाइएको छ।
- करार खेतीको लागि जग्गा उपलब्ध गराउने, संस्था व्यबस्थापन गर्ने, खेती व्यबस्थापन गर्ने, बजार व्यबस्थापन गर्ने आबश्यक जनशक्तिलाई अभिमुखीकरण, तालिम तथा पुनर्ताजगी तालिमहरु (संस्थाका सदस्यकामदारहरु र सम्लग्न सदस्यकृषकहरु, छिमेकका कृषकहरु) दिने काम गरिएको छ। भेटघाट र सल्लाह परामर्श बाहेक CTEVT बाट समेत स्थलगत रुपमा तालिम प्रदान गरिएको छ।
- करार खेतीको व्यबस्थापन गर्नको लागि कृषि सेवा केन्द्रबाट समेत बेलाबेलामा कृषि प्राविधिज्ञ सेवा उपलब्ध भएको र सोले अपुग र सँधै नहुने भएकोले सुरुमा कृषि प्राविधिकबाट र पछि स्थानीय कृषि अगुवा कृषकलाई २४ सै घण्टा सेवा दिने गरी राखिएको छ। सदस्य कृषकहरुलाई आवश्यकता अनुसार कृषि प्राविधिक सेवाको मार्गदर्शन प्रदान गरियो।
- उत्पादित बस्तुहरुको बजार आबद्धता गर्ने र बस्तुको अस्थायी भण्डारण उपकरणको व्यबस्था गर्न भण्डार गृहको व्यवस्था गरिएको छ।
- सहकारी करार खेती प्रारुप विकासको अभिलेख (नीति तथा रणनीति, कार्यविधि, अनुगमन तथा मूल्यांकन, बित्तीय तथा श्रोत परिचालन, कार्यान्वयन निर्देशिकासंग आबद्ध कार्यविधि, फर्म्याटहरु आदि) तयार गरिएको छ।
- आयोजनाका कियाकलायहरुको सही कार्यान्वयन र अपेक्षित उपलब्धिहरुको लागि आयोजना चक्रभित्र समयतालिकाहरु (Gantt, Logframe) अनुसार बैठक, स्थलगत अवलोकन, सुपरिवेक्षण, अन्तर्किया गरी चौमासिक रिपोर्टिंग गर्ने गरिएको छ।
- आयोजनाको लक्ष्य, व्यबस्था गरिएका कियाकलापहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमनको व्यबस्था गरिएको छ।

३. प्रतिफल/नतिजा उपलब्धि सम्वन्धि स्थिति
(Situation regarding delivery of outputs/result)

परियोजनाका प्रतिफलहरु निम्नानुसार छन् :

(१) कमसल, खण्डित र विग्रेका जग्गाहरुमध्ये करीब २०० रोपनी सहकारी करार खेतीको प्रारुप विकासको लागि करारमा उपलब्धता;

(२) सहकारी करार खेती व्यबस्थापन;

(३) छिमेकमा रहेका सदस्यकृषकहरुको खण्डित र विग्रेको करीब जग्गामा मार्गदर्शन तथा प्राविधिक सेवा उपलब्धता;

(४) सहकारी संस्थाको स्थापना, संस्थागत विकास तथा सन्चालन;

(५) सहकारी करार खेतीको प्रारुप विकासको लागि म्यानुअल अभिलेखन ।

इजरायलमा सम्पन्न समावेशी दिगो विकास रेखोवोट अन्तराष्ट्रिय सम्मेलन (डिसेम्बर ५ देखि ७, २०१०) Inclusive Sustainable Development Initiatives : Rehovot Conference 2010 मा नेपालले तृतीय स्थान प्राप्त गरेको छ । इथोपिया पहिलो र संयुक्त राज्य अमेरिका द्वितीय भएको यो प्रतियोगितामा नेपालको तर्फबाट तीन स प्रतिष्ठान का अध्यक्ष श्री कृष्ण बहादुर कुँवरले Integrated Rural Development Through Cooperative Lease Farming in Nepal विषयको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । विश्वका २६ राष्ट्हरुका प्रतिनिधिहरुको सहभागिता रहेको यो सम्मेलनको आयोजना Weitz Center for Development Studies, इजरायलको परराष्ट्र मन्त्रालय, UN HABITAT, Hebrew University of Jerusalem लगायतका ८ वटा संस्थाहरुले संयुक्त रुपमा गरेका थिए ।

४. नयां प्रविधिको अनुशरण तथा उद्देश्य प्राप्तिको संभावना (Prospects for the adoption of the new technology and achievement of purpose)

- आयोजनाले भइरहेका प्रविधिहरुलाई विस्तार गर्ने र अझ बढी स्तरोन्नति गर्ने गरी कार्यान्वयन गरिएकोले आयोजनाका तत्कालिक कामहरुलाई लक्ष्यित लाभान्वित वर्गसम्म पुराउन गर्न सकिने सम्भावना छ । यसको लागि प्रचारप्रसार सामग्री, नतिजाप्रदर्शन, सहकारी संस्था स्थापना, संस्थागत विकास जस्ता कामहरुबाट अरु ठाउँमा पनि विसतार गर्न सकिनेछ । यस्ता कामहरुको दिगोपन र लागत प्रभावकारितालाई ध्यान दिन जरुरी छ ।
- आयोजनाको सबभन्दा सुन्दर पक्ष अनुशरणयोग्य (replicable) सहकारी करार खेतीको प्रारुप विकास हुनु हो । यस किसिमको औजार र पद्धति अपनाएमा धेरै कृषकहरुले भविष्यमा अगिकार गर्न सक्ने छन् । कार्यान्वयनकै क्रममा छिमेकी सहकारी संस्थाहरुबाट समेत तीन प्रतिष्ठानमा सहकार्यको लागि सम्पर्क गरिरहेबाट यसको पुष्टि हुन्छ ।
- जसलाई आवश्यक छ उसैका समस्या र मागलाई सम्बोधन गरी आफूसंग उपलब्ध श्रोत र सिपको गुणस्तरयुक्त परिचालन गरी सुरुदेखि नै सम्लग्न गराई संस्थागत विकासको माध्यमलाई अनुसन्धान तथा विकासमा समावेश गरिएको छ ।

५. आयोजना सरोकारवालाहरुले पहिचान गरेका संभाव्य प्रभावका मुख्य मुख्य सूचकहरु (Key Indicators of potential impact identified by the project stakeholders)

(१) कमसल, खण्डित र विग्रेका जग्गाहरुमध्ये करीब २०० रोपनी सहकारी करार खेतीको प्रारुप विकासको लागि करारमा उपलब्धता;

(२) करीब २०० रोपनीमध्ये स्तरोन्नति भएका ६० रोपनीमा सहकारी करार खेती व्यबस्थापन;

(३) छिमेकका सदस्यकृषकहरुको जग्गामा मार्गदर्शन तथा प्राविधिक सेवा उपलब्धता;

(४) सहकारी संस्थाको स्थापना, संस्थागत विकास

(५) सहकारी करार खेतीको प्रारुप विकासको लागि म्यानुअल अभिलेखन ।

६. पछि गर्नुपर्ने प्रस्तावित कार्यहरु (Proposed Follow-Up)

- करारमा जग्गा लिएका कृषकहरुले परियोजनापछि पनि उत्पादन परिमाणलाई विचार गरी समय सुहाउँदो रकम निर्धारण हुनुपर्ने ।

- कृषकहरुलाई कृषि प्राविधिक सेवा स्थानीय अगुवा कृषकबाट भरपर्दो रुपमा उपलब्ध गराउनु पर्ने ।
- खेती ब्यबस्थापनको लागि पर्याप्त रकमको जुटाउने, खेतीको आम्दानीबाट ब्यहोर्ने ।
- संस्थागत विकासको निरन्तराको लागि तालिमहरु सञ्चालन गर्ने ।
- सहकारी करार खेतीको उत्पादन राम्रो भए पनि बजारमा बिकी गर्दा सहकारी संस्थाका कर्मचारीले ब्यक्तिगत बिकीमा झैं ध्यान पुराउने, संस्थाका पदाधिकारीहरुको निगरानी गरी संस्थागत बिकी पारदर्शी बनाउने
- समूह परिचालन वचत संकलन ऋण लगानी असूलीको लेखा व्यवस्थापनमा अनुगमन गर्ने ।
- कार्यक्रम संचालनको क्रममा CTEVT अन्तरगतको संलग्नतामा महिला, आदिवासी, दलित गरी २० जनालाई कृषि प्राविधिक जनशक्ति तयार हुनेगरी दिइएको तालिमको असर तथा प्रयोगको अनुगमन गर्नुपर्ने ।
- उपरोक्त कामहरुको अनुगमन कोषले आफै गर्ने वा तीन स प्रतिष्ठानलाई तोक्ने ।

७. सिकिएका पाठ (Lessons learned)

- करारमा जग्गा लिन कम्तिमा ५ वर्ष अवधि आबश्यक पर्छ र रकम पनि उत्पादन हुन सक्ने परिमाणलाई विचार गरी समय सुहाउँदो हुनुपर्छ ।
- जसलाई आवश्यक छ उसैका समस्या र मागलाई सम्बोधन गरी उपलब्ध श्रोत र सिपको गुणस्तरयुक्त परिचालन गरी सुरुदेखि नै सम्लग्न गराउनु पर्छ ।
- कमसल जग्गा स्तरोन्नति गर्न सुरुमा खर्च लागतमा अनुदान आवश्यक पर्छ ।
- कृषकहरुलाई कृषि प्राविधिक सेवा स्थानीय अगुवा कृषकबाट भरपर्दो रुपमा हुन्छ, अन्यत्रबाट ल्याइएकाको विश्वसनियतामा कमी पाइयो ।
- खेती ब्यबस्थापनको लागि पहिलो बर्ष नै पर्याप्त रकमको आबश्यकता पर्छ । दोश्रो वर्षदेखि खेतीको आम्दानीबाट ब्यहोर्न सकिन्छ । संस्थागत विकासको लागि समेत पर्याप्त रकमको आबश्यकता पर्छ ।
- सहकारी करार खेतीको उत्पादन राम्रो भए पनि बजारमा बिकी गर्दा सहकारी संस्थाका कर्मचारीले ब्यक्तिगत बिकीमा झैं ध्यान नपुराउने, संस्थाका पदाधिकारीहरुको निगरानी कम भएको पाइएकोले संस्थागत बिकी पारदर्शी बनाउन जरुरी छ ।

८. प्रकाशन तथा सम्पर्क (Publications and Contacts)

परियोजना समाप्ति प्रतिवेदन तयार भएकोले प्रकाशन गरिने । सो प्राप्तिको लागि तीन स प्रतिष्ठानको कार्यालय, अनामनगर काठमाडौं र धुनिबेसी कृषि बहुउद्देश्यीय सहकारी संस्थामा सम्पर्क गर्ने ।